# कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५

**प्रस्तावना :** गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमले कृषि क्षेत्रको दिगो विकासको लागि कृषकहरूको पहिचान सहित वर्गीकरण गरी कृषकको आय र प्रतिफलका आधारमा विशेष लक्षित कार्यक्रम सञ्चालन गर्ने साथै निश्चित मापदण्ड माथिको कृषि आयमा आयकर लागू गर्ने विषयलाई प्राथमिकता साथ जोड दिएको छ । यसर्थ प्रदेश सरकारबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रमहरू कृषि पेसाबाट हुने आम्दानी तथा प्रतिफलमा आधारित कृषक वर्गीकरणको आधारमा सञ्चालन भएमा कृषिको दिगो विकास हुने साथै सरकारी स्रोत साधनको न्यायोचित र प्रभावकारी वितरणसमेत हुने देखिन्छ । कृषकको पहिचान, वर्गीकरण र अभिलेखीकरणको माध्यमबाट वास्तविक कृषक लाभान्वित हुने सुनिश्चितता कायम राख्न तथा कृषि विकासका कार्यक्रम सञ्चालन प्रक्रियालाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक भएकोले गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम "कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५" रहेको छ ।

२) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशबाट स्वीकृत भएको मितिदेखि गण्डकी प्रदेशभर लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "कृषक" भन्नाले दफा ३ बमोजिम परिभाषित व्यक्ति वा एकाघरको परिवारलाई सम्झनुपर्छ ।

ख) "कृषि पेसा" भन्नाले प्राथमिक कृषिजन्य उत्पादन कार्यमा मात्र संलग्न रहेको पेसा सम्झनुपर्छ, तर कृषि सामग्री उत्पादन, वितरण तथा प्राथमिक उत्पादनको विक्री वितरण, प्रशोधन तथा अन्य व्यवसायमा मात्र संलग्न रहेको पेसालाई कृषि पेसा भनिने छैन ।

ग) "कृषक वर्ग वा वर्गीकरण" भन्नाले दफा ४ बमोजिमको कृषक वर्ग वा वर्गीकरण भन्ने सम्झनुपर्छ ।

घ) 'स्थानीय तह' भन्नाले यस कार्यविधि अनुरूप आकस्मिक सेवाटेवा कार्यक्रम सञ्चालनमा सहयोग गर्ने गाउँपालिका वा नगरपालिका भन्ने सम्झनुपर्दछ ।सो शब्दले सम्बन्धित उपमहानगर र महानगरपालिका समेत बुझाउँदछ ।

ङ) वडा कार्यालय भन्नाले स्थानीय तहको वडा कार्यालयलाई जनाउँदछ ।

च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनुपर्दछ।

## परिच्छेद २

## कृषकको परिभाषा तथा वर्गीकरण

**३. कृषकको परिभाषाः**

१) कृषक भन्नाले कृषि पेसालाई प्रमुख पेसा बनाइ ५० (पचास) प्रतिशतभन्दा बढी समय र परिश्रम (मानसिक वा शारीरिक) सो पेसामा लगानी गरेको र पारिवारिक खर्चको कम्तीमा ४० (चालीस) प्रतिशत योगदान कृषि पेसाको आम्दानीबाट हुने गरेको व्यक्ति वा एकाघरको परिवारलाई सम्झनुपर्छ ।

२) कृषक कृषि पेसाको व्यवसायीकरण प्रयासमा निरन्तर संलग्न रहिरहेको हुनुपर्दछ ।

**४. कृषक वर्गीकरण सम्बन्धी व्यवस्थाः**

क) कृषकको वर्गीकरण देहायबमोजिमको मापदण्ड बमोजिम हुनेछ ।

| कृषकको वर्ग | वार्षिक लगानी | वार्षिक कारोबार | मासिक आम्दानी कम्तीमा | पारिवारिक खर्चमा योगदान % | रोजगारी सिर्जना | व्यवसाय सञ्चालन अनुभव वर्ष | दक्षता र प्रविधि |
|---|---|---|---|---|---|---|---|
| विशिष्ट कृषक | ३ करोड भन्दा माथि | २ करोड भन्दा माथि | ५ लाख | १०० | ३० जना भन्दा माथि | ७ वर्ष | तालिम प्राप्त अत्याधुनिक प्रविधि |
| उद्यमी कृषक | ५० लाखभन्दा माथि | ४० लाखभन्दा माथि | २ लाख | १०० | १५ जना भन्दा माथि | ५ वर्ष | तालिम प्राप्त अत्याधुनिक प्रविधि |
| व्यवसायिक कृषक | २४ लाख भन्दा माथि | २५ लाखभन्दा माथि | १लाख | १०० | ९ जना भन्दा माथि | ५ वर्ष | तालिम प्राप्त उन्नत प्रविधि यान्त्रिक |
| व्यवसायउन्मुख कृषक | ५ लाखभन्दा माथि | १२ लाखभन्दा माथि | ३० हजार | ८० | ५ जना भन्दा माथि | ४ वर्ष | तालिम प्राप्त उन्नत प्रविधि यान्त्रिक |
| साना कृषक | ५ लाखभन्दा माथि | ५ लाखभन्दा माथि | १५ हजार | ५० | ४ जना भन्दा माथि | ३ वर्ष | उन्नत प्रविधि |
| निर्वाहमुखी कृषक | ५ लाखभन्दा कम | ५ लाखभन्दा कम | ५ हजार | ५० भन्दा कम | २ वा सो भन्दा कम | २ वर्ष | मिश्रित |
| सीमान्तकृत कृषक | १ लाखभन्दा कम | १ लाखभन्दा कम | १ हजार | ४० वा सोभन्दा कम | २ वा सोभन्दा कम | | मिश्रित |
| सौखिन कृषक | करेसाबारी, कौसी खेती र अन्य | | | | | | |

ख) उपदफा 'क' बमोजिमको आधारहरू बमोजिम कृषक वर्ग छुटयाउन नसकिने अवस्था भएमा मासिक आम्दानीलाई मात्र आधार मानी सोही मापदण्ड बमोजिम कृषक वर्गीकरण गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ३

## कृषकको पहिचान तथा अभिलेखीकरण

**५. कृषक वर्ग पहिचान तथा अभिलेखीकरणः**

१) नेपाली नागरिकता प्राप्त कुनै पनि व्यक्तिले स्थायी वा अस्थायी रूपले बसोबास गरी कृषि पेसामा संलग्न रहेको वडा कार्यालयमा अनुसूची १ बमोजिम कृषकको पेसागत विवरण फाराम २ प्रति भरी अनुसूची २ बमोजिमको निवेदन सहित पेश गर्नुपर्ने छ ।

२) उपदफा १ बमोजिम पेश हुन आएको विवरण चेकजाँच गरी वडा कार्यालयले उचित ठहर्याएमा कृषक दर्ता गरी कृषकको पेसागत विवरण फारामको कृषक परिचय पत्र नं महल तथा कृषक वर्गीकरण महलमा उपयुक्त सङ्ख्या तथा कृषक वर्ग भर्नुपर्ने छ ।

३) कृषक परिचय पत्र नं महल भर्ने विधि अनुसूची ३ बमोजिम हुनेछ भने कृषक वर्गीकरण महलमा दफा ४ को मापदण्ड बमोजिम कृषकले निवेदन साथ पेश गरेको कृषकको पेसागत विवरण अनुसार जुन वर्गमा पर्न आउँछ सो वर्ग उल्लेख गर्नुपर्दछ ।

४) उपदफा २ र ३बमोजिम भरिएको फाराम आधिकारिक व्यक्तिबाट स्वीकृत गराइ एक प्रति सम्बन्धित निवेदक कृषक र एक प्रति वडा कार्यालयमा अभिलेखको लागि सुरक्षित राख्नपर्ने छ ।

**द्रष्टव्यः** यस दफाको प्रयोजनको लागि आधिकारिक व्यक्ति भन्नाले वडा अध्यक्ष वा निजले अधिकार प्रत्यायोजन गरेको व्यक्ति वा कर्मचारी सम्झनु पर्छ ।

**६. कृषक विवरण नवीकरण तथा पुनवर्गीकरणः**

१) वडा कार्यालयमा दर्ता भएको कृषक विवरण दर्ता भएको एक वर्ष पुगेको तीन महिनाभित्र नवीकरण गर्नुपर्ने छ तर कृषकले सो समय अगावै पनि नवीकरण गर्न सक्ने छ र यसरी नवीकरण गराएमा पनि दर्ता भएको मितिलाई नै आधार मानी एक वर्षको लागि नवीकरण गरिनेछ ।

२) कुनै कृषकको वर्ग हेरफेर भई पुनः दर्ता गर्नु पर्ने अवस्था आइपरेमा वडा कार्यालयले तुरुन्तै सुरुको दर्ता प्रक्रिया बमोजिम नै दर्ता गर्नुपर्नेछ ।

## परिच्छेद ४

## विविध

७. **दर्ता तथा नवीकरण शुल्क सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम सम्बन्धित वडा कार्यालयले कृषकको पेसागत विवरण दर्ता तथा नवीकरण गर्दा कृषकको वर्ग अनुसार सीमान्तकृत, निर्वाहमुखी तथा साना कृषकलाई निशुल्क, र अन्य वर्गका कृषकलाई सम्बन्धित स्थानीय तहले तोकेबमोजिमको शुल्क लिनुपर्नेछ ।

८. **प्राथमिकीकरण गर्नुपर्नेः** प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन हुने कृषिसँग सम्बन्धित सबै कार्यक्रमहरू सञ्चालन गर्दा कुन वर्गको कृषकलाई लक्षित गर्ने हो।सोको अग्रिम यकिन गरी सो वर्गका कृषकहरूलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

९. **अभिलेख राख्ने जिम्मेवारीः** यस कार्यविधि बमोजिमको कृषक विवरणको अभिलेख राख्ने र प्रदेश सरकार तथा सङ्घीय सरकारलाई विवरण उपलब्ध गराउने जिम्मेवारी कृषि क्षेत्र हेर्ने प्राविधिक कर्मचारीको हुनेछ, निजको अनुपस्थितिमा वडा अध्यक्षले तोकेको कर्मचारीले सो कार्य गर्नेछ ।

१०. **कृषक परिचय पत्र नं. र कृषक वर्ग उल्लेख गर्नुपर्नेः** यस कार्यविधि लागू भएपछि दर्ता हुने कृषक समूह वा कृषि सहकारीका सबै सदस्यहरूले सम्भव भएसम्म आफ्नो कृषक परिचय पत्र नं. तथा वर्ग उल्लेख गरी दर्ता गर्नुपर्ने छ भने दर्ता भइसकेका कृषक समूह वा कृषि सहकारीले नवीकरण गर्ने क्रममा क्रमशः कृषक परिचय पत्र नं. तथा वर्ग अद्यावधिक गर्दै जानुपर्ने छ ।

११) **बाधा अड्काउ फुकाउ** : यसकार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सोको निरूपण मन्त्रालयले गर्नेछ ।

१२) **संशोधनः** यो कार्यविधि मन्त्रलायले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

**कृषकको पेसागत विवरण (वडा कार्यालयमा भर्ने)**

Photo

कृषक परिचय पत्र नं. | ४ | | | | |

नाम (परिवारमा १ जनाको ):

ठेगानाः जिल्लाः पालिकाः वाड नं:

मुख्य पेसाः कृषि, मुख्य बाली/वस्तुः सम्पर्क नं.: ना. नम्बर/जिल्ला :

| परिवार सङ्ख्या: | १८ वर्ष मुनिका: | १८ वर्षदेखि ५९ वर्षसम्म: | ६० वर्षदेखि माथि: | कैफियत (अशक्त/अपाङ्ग ) |
|---|---|---|---|---|
| महिला | | | | |
| पुरुष | | | | |

खेतीमा संलग्न परिवार सङ्ख्या: पूरै समय रोजगार सङ्ख्याः आंशिक रोजगार सङ्ख्याः

**व्यवसायिक विवरण**

| सि. नं. | व्यवसाय बाली पशुपन्छी, अन्य | क्षेत्रफल वा सङ्ख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | सञ्चालनमा आएको मिति | सहयोगी निकाय वा संस्था र रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

जम्मा वार्षिक लगानी रु. वार्षिक कारोवार रु.

सरदर मासिक आम्दानी रू. पारिवारिक मासिक खर्च रु.

कृषि आम्दानीको योगदान प्रतिशत: व्यवसाय सञ्चालनको वर्ष:

**अन्य व्यवसायमा रोजगारी र आम्दानी**

| क्र.सं. | व्यवसाय | रोजगार सङ्ख्या | वार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**आगामी योजनाहरू .....**

१.

२.

३.

प्रस्तुत गरिएका सबै कुरा सत्य हुन, झुठा ठहरिएमा कानून बमोजिम सहुँला, बुझाउँला । कृषि पेसा छाडेको १ महिनाभित्र सम्बन्धित वडामा जानकारी गराउनेछु ।

दायाँ बायाँ

**कार्यालय प्रयोजनको लागि ..........................................................................................................**

कृषक वर्गीकरण:-------------

पेश गर्नेको सही: स्वीकृत गर्नेको सही:

नाम: नाम:

पद: पद:

मिति: मिति:

## अनुसूची २

### निवेदनको ढाँचा

मिति.....................................

श्रीमान् वडा अध्यक्ष ज्यू

......................................गाउँ/नगर/उप/महानगरपालिका

वडा नं ..................को कार्यालय

विषयः कृषकको रूपमा दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा गण्डकी प्रदेशको कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५ बमोजिम दर्ता हुनको लागि अनुसूची १ बमोजिमको मेरो पेसागत विवरण भरी देहायका कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको हस्ताक्षर .......................

निवेदकको नामः ...................................................................

ठेगानाः...................................................................................

औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

संलग्न कागजातहरूः

१. अनुसूची १ बमोजिमको कृषक पेसागत विवरण फाराम थान २
२. नागरिकताको छायाँ प्रति थान १
३. व्यवसाय दर्ता प्रमाणपत्रको छायाँ प्रति थान.......
४. **PAN/VAT** मा दर्ता प्रमाणपत्रको छायाँ प्रति थान......
५. कृषक समूह वा सहकारीमा आबद्ध भएको भए सोको प्रमाणपत्र थान.........
६. अन्य सान्दर्भिक कागजात केही भए उल्लेख गर्नेः ..................................

## अनुसूची ३

## कृषक परिचय पत्र नं तथा कृषक वर्ग भर्ने तरिका

## दफा ५ ग सँग सम्बन्धित

१. कृषक परिचय पत्र महलमा ५ वटा कोठा छन् ।

२. पहिलो कोठाले गण्डकी प्रदेशको कोड जनाउँछ र यसमा अङ्क ४ लेख्नुपर्छ ।

३. दोस्रो कोठाले गण्डकी प्रदेशका ११ जिल्लाको कोड जनाउँछ ।यस कोठामा अङ्क १ देखि अङ्क ११ मध्ये जिल्लाको क्रमानुसारको एउटा अङ्क भर्नुपर्छ ।

४. तेस्रो कोठाले गण्डकी प्रदेशका ८५ स्थानीय तहको कोड जनाउँछ । यस कोठामा अङ्क १ देखि अङ्क ८५ मध्ये स्थानीय तहको क्रमअनुसारको एउटा अङ्क भर्नुपर्छ ।

५. चौथो कोठाले सम्बन्धित स्थानीय तहको वडा नम्बर जनाउँछ । यसमा जति नम्बरको वडामा कृषक दर्ता हुने हो सोही वडा नम्बर अङ्कमा भर्नुपर्छ ।

६. पाँचौ कोठामा निवेदक कृषकको दर्ता क्रमानुसार सुरूको ००००१ देखि बढाउँदै लानु पर्छ । यदि कुनै कृषकको दर्ता नवीकरण नगरी वा अन्य कारणले खारेजी भएमा निजको परिचय पत्र सङ्ख्या यथावत नै राखी अन्यको अङ्क बढाउँदै लानुपर्छ ।

७. यसरी अङ्क भर्दा जिल्ला तथा स्थानीय तहको क्रम सङ्ख्या नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सङ्घीय मामिला शाखाबाट प्रकाशित **गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका, २०७४** मा उल्लेखित गण्डकी प्रदेशभित्र पर्ने जिल्ला तथा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिकाको क्रमसङ्ख्या अनुसार भर्नुपर्नेछ । यसको क्रम देहायबमोजिम रहेको छ ।

**उदाहरणको लागिः** पुतलीबजार नगरपालिकाको वडा नं १४ को कुनै कृषक दर्ता हुन ३५ औं नम्बरमा आएमा निजको कृषक परिचय पत्र नं यसप्रकार हुनेछः

| | | | | |
|---|---|---|---|---|
| ४ | ४ | ३२ | १४ | ०००३५ |

प्रदेश कोडः ४

जिल्ला कोडः ४

नगरपालिका कोडः ३२

वडा नः १४

सुरू देखिको कृषक दर्ता क्रमः ३५

तसर्थ कृषक परिचय पत्र नं ४४३२१४०००३५ हुने भयो ।

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा संख्या | | | जनसंख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | नपाको जम्मा वडा | गापाको जम्मा वडा | | |
| १. | १ गोरखा | गोरखा नगरपालिका | १४ | २४ | ७० | ४९२७२ | १३१.८६ |
| २. | | पालुङ्टार नगरपालिका | १० | | | ३८१७४ | १५८.६२ |
| ३. | | सुलीकोट गाउँपालिका | ८ | | | २५३८९ | २००.६३ |
| ४. | | सिरानचोक गाउँपालिका | ८ | | | २३६२८ | १२१.६४ |
| ५. | | अजिरकोट गाउँपालिका | ५ | | | १४८०२ | १९८.०५ |
| ६. | | आरुघाट गाउँपालिका | १० | | | २३८८७ | १६०.७९ |
| ७. | | गण्डकी गाउँपालिका | ८ | | | २३२५३ | १२३.८६ |
| ८. | | चुमनुव्री गाउँपालिका | ७ | | | ६९२३ | १६४८.६५ |
| ९. | | धार्चे गाउँपालिका | ७ | | | १३२२९ | ६५१.५२ |
| १०. | | भिमसेन गाउँपालिका | ८ | | | २२०३३ | १०१.२५ |
| ११. | | शहीदलखन गाउँपालिका | ९ | | | २७५५५ | १४८.९७ |
| १२. | २ लमजुङ्ग | बेंशीसहर नगरपालिका | ११ | ४२ | ३३ | ३९३५६ | १२७.६४ |
| १३. | | मध्यनेपाल नगरपालिका | १० | | | २३३८५ | ११३.८६ |
| १४. | | राईनास नगरपालिका | १० | | | १८५२७ | ७१.९७ |
| १५. | | सुन्दरवजार नगरपालिका | ११ | | | २६८६१ | ७२.०५ |
| १६. | | वव्होलासोथार गाउँपालिका | ९ | | | १००३२ | १७५.३७ |
| १७. | | दुधपोखरी गाउँपालिका | ६ | | | १०९७५ | १५३.३३ |
| १८. | | दोर्दी गाउँपालिका | ९ | | | १८३९२ | ३५०.९३ |
| १९. | | मर्स्याङ्दी गाउँपालिका | ९ | | | १८७५९ | ५९७.२५ |
| २०. | ३ तनहुँ | भानु नगरपालिका | १३ | ४८ | ३७ | ४५७९२ | १८४.०० |
| २१. | | भीमाद नगरपालिका | ९ | | | ३१३६२ | १२९.०० |
| २२. | | व्यास नगरपालिका | १४ | | | ७०३३५ | २४८.०० |
| २३. | | शुक्लागण्डकी नगरपालिका | १२ | | | ४८४५६ | १६५.०० |
| २४. | | आँबुखैरेनी गाउँपालिका | ६ | | | २०७६८ | १२८.०० |
| २५. | | ऋषिङ्ग गाउँपालिका | ८ | | | २५८७० | २१५.०० |
| २६. | | घिरिङ्ग गाउँपालिका | ५ | | | १९३१८ | १२६.०० |
| २७. | | देवघाट गाउँपालिका | ५ | | | १६१३१ | १५९.०० |
| २८. | | म्याग्दे गाउँपालिका | ७ | | | २२५०२ | ११५.०० |
| २९. | | वन्दिपुर गाउँपालिका | ६ | | | २००१३ | १०२.०० |
| ३०. | ४ स्याङ्जा | गल्याङ नगरपालिका | ११ | ५८ | ३९ | ३६९६७ | १२२.७१ |
| ३१. | | चापाकोट नगरपालिका | १० | | | २६०४२ | १२०.५९ |
| ३२. | | पुतलीवजार नगरपालिका | १४ | | | ४४८७६ | १४७.२१ |
| ३३. | | भीरकोट नगरपालिका | ९ | | | २५५८३ | ७८.२३ |
| ३४. | | वालिङ्ग नगरपालिका | १४ | | | ५११४३ | १२८.४० |
| ३५. | | अर्जुनचौपारी गाउँपालिका | ६ | | | १६१७६ | ५७.२२ |
| ३६. | | आँधिखोला गाउँपालिका | ६ | | | १६५८९ | ६९.६१ |
| ३७. | | कालीगण्डकी गाउँपालिका | ७ | | | २१७२८ | ७३.५१ |
| ३८. | | फेदीखोला गाउँपालिका | ५ | | | १२३४१ | ५६.७३ |
| ३९. | | विरुवा गाउँपालिका | ८ | | | १८४१३ | ९५.७९ |
| ४०. | | हरिनाश गाउँपालिका | ७ | | | १७३४३ | ८७.४८ |

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा संख्या | | | जनसंख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | नपाको जम्मा वडा | गापाको जम्मा वडा | | |
| ४१. | ५ कास्की | पोखरा लेखनाथ महानगरपालिका | ३३ | ३३ | ३९ | ४१४१४१ | ४६४.२४ |
| ४२. | | अन्नपूर्ण गाउँपालिका | ११ | | | २३४१७ | ३३.३३ |
| ४३. | | माछापुच्छ्रे गाउँपालिका | ९ | | | २१८६८ | ५४४.५८ |
| ४४. | | मादी गाउँपालिका | १२ | | | १८१५३ | ५६३.०० |
| ४५. | | रुपा गाउँपालिका | ७ | | | १४५१९ | ९४.८१ |
| ४६. | ६ मनाङ | चामे गाउँपालिका | ५ | ० | २८ | ११२९ | ७८८६.०० |
| ४७. | | नारफु गाउँपालिका | ५ | | | ५३८ | ८३७.५४ |
| ४८. | | नासोङ गाउँपालिका | ९ | | | १९३८ | ७०९.५८ |
| ४९. | | नेस्याङ गाउँपालिका | ९ | | | २२२२ | ६९४.६३ |
| ५०. | ७ मुस्ताङ | घरपझोङ गाउँपालिका | ५ | ० | २५ | ३०२९ | ३१६.०० |
| ५१. | | थासाङ गाउँपालिका | ५ | | | २९१२ | २८९.०० |
| ५२. | | दालोमे गाउँपालिका | ५ | | | १४२३ | १३४४.०० |
| ५३. | | लोमन्थाङ गाउँपालिका | ५ | | | १८९९ | ७२७.०० |
| ५४. | | बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका | ५ | | | २३३० | ८८६.०० |
| ५५. | ८ म्याग्दी | बेनी नगरपालिका | १० | १० | ३५ | ३३४९८ | ७६.५७ |
| ५६. | | अन्नपूर्ण गाउँपालिका | ८ | | | १३३१५ | ५५६.४१ |
| ५७. | | धौलागिरी गाउँपालिका | ७ | | | १४१०४ | १०३७.०० |
| ५८. | | मङ्गला गाउँपालिका | ५ | | | १६२८६ | ८९.०० |
| ५९. | | मालिका गाउँपालिका | ७ | | | १९४५८ | १४७.०० |
| ६०. | | रघुगङ्गा गाउँपालिका | ८ | | | १५७५३ | ३७९.०० |
| ६१. | ९ पर्वत | कुश्मा नगरपालिका | १४ | २५ | ३६ | ३९६०० | ९३.१८ |
| ६२. | | फलेवास नगरपालिका | ११ | | | २४६८७ | ८५.७० |
| ६३. | | जलजला गाउँपालिका | ९ | | | २१४५४ | ८२.२६ |
| ६४. | | पैयुँ गाउँपालिका | ७ | | | १५३८१ | ४२.६५ |
| ६५. | | महाशिला गाउँपालिका | ६ | | | ९८५७ | ४९.३८ |
| ६६. | | मोदी गाउँपालिका | ८ | | | २१२८४ | १४३.६० |
| ६७. | | विहादी गाउँपालिका | ६ | | | १३४०३ | ४४.८० |
| ६८. | १० बागलुङ | बागलुङ नगरपालिका | १४ | ४४ | ४१ | ५७८२३ | ९८.०१ |
| ६९. | | गलकोट नगरपालिका | ११ | | | ३३०९७ | १९४.३९ |
| ७०. | | जैमिनी नगरपालिका | १० | | | ३१४३० | ११८.७१ |
| ७१. | | ढोरपाटन नगरपालिका | ९ | | | २६२१५ | २२२.८५ |
| ७२. | | बरेङ गाउँपालिका | ५ | | | १४४९२ | ७५.२८ |
| ७३. | | काठेखोला गाउँपालिका | ८ | | | २२८६५ | ८२.८८ |
| ७४. | | तमानखोला गाउँपालिका | ६ | | | १०६५९ | १७८.०२ |
| ७५. | | ताराखोला गाउँपालिका | ५ | | | १२००९ | १२९.५३ |
| ७६. | | निसीखोला गाउँपालिका | ७ | | | २०६११ | २४४.३७ |
| ७७. | | बढीगाड गाउँपालिका | १० | | | ३०९०६ | १७८.६८ |

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा संख्या | | | जनसंख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | नपाको जम्मा वडा | गापाको जम्मा वडा | | |
| ७८. | ११ नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | कावासोती नगरपालिका | १७ | ६७ | २५ | ६२४२१ | १०८.३४ |
| ७९. | | गैंडाकोट नगरपालिका | १८ | | | ५८८३६ | १५९.९३ |
| ८०. | | देवचुली नगरपालिका | १७ | | | ४२६०३ | ११२.७२ |
| ८१. | | मध्यविन्दु नगरपालिका | १५ | | | ५४१४० | २३३.३५ |
| ८२. | | बुङ्दीकाली गाउँपालिका | ६ | | | १५७३४ | ९१.८७ |
| ८३. | | बुलिङ्टार गाउँपालिका | ६ | | | १९१२२ | १४७.६८ |
| ८४. | | विनयीत्रिवेणी गाउँपालिका | ७ | | | २५०३६ | २६७.१३ |
| ८५. | | हुप्सेकोट गाउँपालिका | ६ | | | २५०६५ | १८९.२१ |